घोराहीउपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ , लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स
०८२-५६०१६२,
५६०२४३,
५६१२६८,
५६०७००,
५६०४९९
www ghorahimun.gov.np

घोराही उपमहानगरपालिका

सहकारी तथा रोजगार प्रवर्द्धन शाखा

**बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी सङ्घ संस्थाहरूलाई सूचना**

बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी सङ्घसंस्थाहरूलाई सूचना सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) तथा घोराही उपमहानगरपालिकाको सहकारी ऐन २०७४ दफा ३९ (२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ बहुउद्देश्यीय वा अन्य विषयगत सहकारी संस्थाहरुलाइ ऐनको दफा २ को खण्ड (ज) र घोराही उपमहानगरपालिकाको सहकारी ऐन २०७४ दफा ३९ (२) मा दिइएको मुख्य कारोवारको परिभाषा अनुसार कारोबार गर्न गराउन अनुरोध गरिन्छ । अन्यथा कानुनबमोजिम कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

भोजराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत



CamScanner